## संवत् २०८० साल पौष २० गते बसेको ७औं कार्यपालिका बैठकका निर्णयहरु:

**बैठकका प्रस्तावहरू:**

१) अघिल्लो कार्यपालिका वैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा।

२) कार्यविधि पारित तथा कार्यन्वयन सम्बन्धमा।

क) नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० कार्यन्वयन सम्बन्धमा।

ख) लुङ्ग्री गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

ग) लुङ्ग्री गाउँपालका सिंचाई खानेपानी पाईप वितरण सम्बन्धि कार्यविधी, २०८०

घ) कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धि कार्यविधि,२०८०

३) नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सम्बन्धमा।

४) फोहोरमैला व्यवस्थापन नीति सम्बन्धमा।

५) फोहोरमैला विसर्जन केन्द्र (Dumping Site) पहिचान सम्बन्धमा।

६) सेवा प्रवाहको मापदण्ड (SOP) सम्बन्धमा।

७) समसामयिक विषय सम्बन्धमा।

**निर्णयहरु:**

१. यस लुङ्ग्री गाउँपालिकाको आ.व.२०८०/०८१ को हाल सम्म बसेको कार्यपालिका वैठकको निर्णय उपर समिक्षा गरीयो।

२. कार्यविधि पारित तथा कार्यन्वयन सम्बन्धमा:

देहायको कार्यविधि पूर्ण रुपमा पालना गर्ने:

(क) नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० पूर्ण रुपले पालना गर्ने गरि प्रतिवद्धता गर्ने।

देहायको कार्यविधि पारित गर्ने:

क) लुङ्ग्री गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

ख) लुङ्ग्री गाउँपालका सिंचाई खानेपानी पाईप वितरण सम्बन्धि कार्यविधी, २०८०

देहायको कार्यविधि अध्ययन गरी आगामी कार्यपालिका वैठकमा पेश गर्ने:

क) कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धि कार्यविधि,२०८०

३. नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सम्बन्धमा: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.३१ मिति २०८०/०९/०५ गतेको प्राप्त पत्रअनुसार नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम अन्तर्गत "ग्रामिण रोजगारीका लागी एकिकृत सिप प्रवर्धन कार्यक्रम" सञ्चालन गरी स्थानीय स्रोत साधनको प्रयोग गरी रोजगारी सिर्जना गर्न नव प्रवर्तन कार्यक्रममा १५% बजेट साझेदारी पालिकाले व्यहोर्ने गरी कार्यक्रममा सहभागी हुन प्रतिवद्धता गर्ने।

४. फोहोरमैला व्यवस्थापन स्थानीय नीति, २०८० वैठकमा छलफल गरि गाउँसभाबाट पारित गर्नका लागि पेश गर्ने।

५. फोहोरमैला विसर्जन केन्द्र (Dumping Site) पहिचानका लागि देहायको अध्ययन कार्यदल गठन गरि प्रतिवेदन पेश गर्ने।

| | | |
|---|---|---|
| वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | श्री नेम बहादुर खड्का | संयोजक |
| वडा नं ५ को वडा अध्यक्ष | श्री रिख बहादुर रोका मगर | सदस्य |
| वडा नं ५ का वडा सचिव | श्री कल्पना सुवेदी | सदस्य |

६. सेवा प्रवाहको मापदण्ड (SOP) पारित गरि कार्यन्वयन गर्ने।

लुङग्री गाउकार्यपालिकाको वैठक मिति २०८०/०९/२० वैठक संख्या: ७

७. समसामयीक विषयका सम्बन्धमा:

क) टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९ बमोजिम टोल विकास संस्था गठन नभएका वडाहरुमा समावेशी ढंगले टोल विकास संस्था गठन गर्ने।

ख) निवेदक कुमारी बिष्ट तथा लिखित जवाफ प्रस्तुतकर्ता रोल्पा जिल्ला लुङ्ग्री गाउँपालिकाको कार्यालय, स्वास्थ्य शाखा र बडाचौर स्वास्थ्य चौकी समेतलाई विपक्षी बनाई अदालत तुल्सीपुर दाङमा गरेको उत्प्रेषण/परमादेश/प्रतिषेध मुद्दाको १५ दिने सूचना म्याद मिति २०८०/०९/१७ गते तामेल भएकोले सो मुद्दामा यस कार्यालयको तर्फबाट लिखित जवाफ दर्ता गरी मुद्दा पूर्पक्ष गर्न लुङ्ग्री गाउँपालिका गाउँकार्यपालिका सदस्य श्री विरवल खड्कालाई प्रतिनिधिको रुपमा पठाउने।

निर्णय प्रमाणित गरिएको छ।